# कालिमाटी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः२०७९/०६/१३

### भाग-२

### कालिमाटी गाउँपालिका

## एम्वुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७९/०६/११

प्रस्तावनाः कालिमाटी गाउँबासीहरुलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउन एम्बुलेन्स सेवा सरल, भरपर्दो, व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालन गरि एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकाले कालिमाटी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई कालिमाटी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) **"अध्यक्ष"** भन्नाले कालिमाटी गाउँपालिकाको गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ ।

(ख) **"उपाध्यक्ष"** भन्नाले कालिमाटी गाउँपालिकाको गाउँपालिका उपाध्यक्ष सम्झनुपर्दछ ।

(ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कालिमाटी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(घ) **"एम्बुलेन्स"** भन्नाले बिरामी बोक्न स्वीकृति प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण समेतलाई जनाउँछ ।

(ङ) **"एम्बुलेन्स जनशक्ति"** भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी सम्झनुपर्दछ ।

(च) **"चालक"** भन्नाले एम्बुलेन्सको चालक तथा सहचालक सम्झनुपर्दछ ।

(छ) **"कार्यपालिकाको कार्यालय"** भन्नाले कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

(ज) **"संस्था"** भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य केन्द्र र अन्य सरकारी तथा गैर सरकारी संस्था समेतलाई सम्झनुपर्दछ ।

(झ) **"सेवा"** भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्दछ ।

(ञ) **"सञ्चालन समिति"** भन्नाले दफा ४ बमोजिम गठित एम्बुलेन्स सेवा सञ्चालन समिति सम्झनुपर्दछ ।

(ट) **"गाउँपालिका"** भन्नाले कालिमाटी गाउँपालिकालाई सम्झनुपर्दछ ।

(ठ) **"कार्यपालिका"** भन्नाले कालिमाटी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

**३. सेवा सञ्चालन अनुमतिः** (१) कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयले अनुमति प्रदान गरेपछि गाउँपालिका अन्तर्गतका

संस्था र अन्य सरकारी तथा गैर सरकारी संस्थाले एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्नेछन ।

(२) कालिमाटी गाउँपालिका क्षेत्रभित्र सेवा सञ्चालन गर्ने गरी दर्ता भई कालिमाटी गाउँ कार्यपालिकाको कार्यालयबाट एम्बुलेन्स सेवा सञ्चालन गर्न अनुमति लिएका एम्बुलेन्स सेवा सञ्चालन गर्ने समितिले गाउँ कार्यपालिकाको कार्यालय वा एम्बुलेन्स सेवा सञ्चालनका लागि गाउँ कार्यपालिकाको कार्यालयले अख्तियारी प्रदान गरेको स्वास्थ्य संस्था वा कुनै कार्यालयमा एम्बुलेन्स सेवा सञ्चालन गर्न गाउँ कार्यपालिकाको कार्यालयले दिएको अनुमतिको प्रतिलिपी र सेवा सञ्चालन अनुमतिको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(३) गाउँ कार्यपालिकाको कार्यालयले सेवा सञ्चालन अनुमतिको लागि पेश भएको निवेदन र गाउँ कार्यपालिकाको कार्यालयले दिएको अनुमतिका आधारमा सेवा सञ्चालन गर्ने समितिलाई सूचिकरण गरि अनुमति प्रदान गर्नेछ । सेवा सञ्चालन गर्ने समिति अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा सूचिकृत हुनुपर्नेछ ।

(४) सूचिकरण गरी अभिलेख राख्ने काम गाउँ कार्यपालिकाको कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेका अख्तियार प्राप्त शाखा कार्यालय वा वडा कार्यालय वा स्वास्थ्य संस्थाले गर्नेछ ।

४. **एम्बुलेन्स सेवा सञ्चालन समितिः** (१) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा रेखदेख गर्न एम्बुलेन्स सञ्चालन गर्न सम्बन्धित संस्थाले एम्बुलेन्स सेवा सञ्चालन समिति गठन गर्नुपर्नेछ ।

(२) गाउँ कार्यपालिकाको कार्यालयमा एम्बुलेन्स सेवा सञ्चालन गर्न देहायका पदाधिकारी रहेको एक एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

(क) गाउँपालिका अध्यक्ष संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(ग) एम्बुलेन्स सञ्चालन गर्ने संस्था रहेको वडाको वडा अध्यक्ष सदस्य

(घ) गाउँपालिका अध्यक्षले मनोनित गरेको कार्यपालिका सदस्य १ जना सदस्य

(ङ) प्रशासन शाखा प्रमुख सदस्य

(च) गाउँपालिका स्तरीय रेडक्रस सोसाईटीका प्रतिनिधि १ जना सदस्य

(छ) स्वास्थ्य शाखा प्रमुख सदस्य-सचिव

(३) गाउँपालिका अन्तर्गतका संस्थाबाट सञ्चालन गरिने एम्बुलेन्स सेवाका लागि देहाय बमोजिमको एम्बुलेन्स सेवा सञ्चालन समिति रहनेछ ।

(क) सम्बन्धित वडाको वडा अध्यक्ष संयोजक

(ख) वडा सचिव सदस्य

(ग) वडा अध्यक्षबाट मनोनित वडा सदस्य १ जना सदस्य

(घ) वडामा रहेका रेडक्रस सोसाईटीका प्रतिनिधि १ जना सदस्य

(ङ) सम्बन्धित वडाको स्वास्थ्य संस्थाको प्रमुख सदस्य-सचिव

(४) उपदफा (३) बमोजिम गठन हुने एम्बुलेन्स सेवा सञ्चालन समितिमा स्वास्थ्य चौकीले सञ्चालन गरेमा स्वास्थ्य चौकी प्रमुख सदस्य सचिव रहनेछन, वडा कार्यालयले सञ्चालन गरेमा वडा सचिव सदस्य सचिव रहनेछन भने अन्य संस्थाको हकमा सेवा सञ्चालन गर्ने संस्थाका प्रमुख सदस्य सचिव भई काम गर्नेछन् ।

(५) अन्य सरकारी तथा गैर सरकारी संस्थाको हकमा सेवा सञ्चालन गर्ने समिति संस्था आफैले निर्धारण गरेको संख्या तथा पदाधिकारीको आधारमा हुनेछ ।

(६) समितिको बैठक आवश्कता अनुसार बस्नेछ । समितिको बैठक भत्ता सम्बन्धित सेवा संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) समितिको कुल सदस्य संख्या मध्ये ५१% (एकाउन्न प्रतिशत) सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

(८) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**५. अनुगमन तथा निरीक्षणः** (१) दफा (४) को उपदफा (२), (३), (४) र (५) बमोजिम गठन हुने एम्बुलेन्स सेवा सञ्चालन समितिले गरेको काम कारबाहीको अनुगमन तथा निरीक्षण गर्न देहाय बमोजिमको अनुगमन तथा निरीक्षण समिति रहनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष संयोजक

(ख) स्वास्थ्य सेवा सञ्चालक समितिका अध्यक्ष सदस्य

(ग) गाउँपालिका अध्यक्षबाट मनोनित कार्यपालिका सदस्य एक जना सदस्य

(घ) गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखा प्रमुख सदस्य

(ङ) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठन हुने अनुगमन तथा निरीक्षण समितिले दफा (४) को उपदफा (२), (३), (४) र (५) बमोजिम गठन हुने एम्बुलेन्स सेवा सञ्चालन समितिको काम कारबाहीलाई जुनसुकै बेला अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) समितिले दिएको सुझावहरुको पालना गर्नु सेवा सञ्चालन गर्ने संस्थाको दायित्व हुनेछ ।

(४) एम्बुलेन्स सेवा सञ्चालनमा आएका विवाद दफा (४) को उपदफा (२), (३), (४) र (५) बमोजिम सेवा सञ्चालन गर्ने

संस्थाले समाधान गर्न नसकेमा गाउँ कार्यपालिकाको निर्णयलाई अन्तिम निर्णय मानी सोही अनुसार हुनेछ ।

**६. एम्बुलेन्स सेवा सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

(१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स सेवा पारदर्शी, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गराउने ।

(ख) सेवा सञ्चालन नियमित भए वा नभएको अनुगमन गर्ने ।

(ग) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका बमोजिम आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने ।

(घ) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने ।

(ङ) सञ्चालक समितिले निर्धारण गरेको भाडादर वा सेवा शुल्क कार्यान्वयन गर्ने गराउने ।

(च) सरोकारवाला तथा अन्य संघ संस्थाहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवाका बारेमा समिक्षा बैठक गर्ने ।

(छ) एम्बुलेन्स सेवा बापत उठेको रकम सेवा सञ्चालक समितिले नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकमा खाता खोली त्यसमा जम्मा गर्ने व्यवस्था मिलाउने । बैंक खाता सञ्चालन सेवा सञ्चालक समितिको अध्यक्ष र सदस्य-सचिवको संयुक्त दस्तखतबाट गर्ने । प्रत्येक वर्ष लेखापरिक्षण कार्य गराउने र सोको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालय लगायत सम्बन्धित निकायमा पठाउने व्यवस्था मिलाउने । तर गाउँ कार्यपालिकाको कार्यालयले सञ्चालन गरेको एम्बुलेन्स सेवाको हकमा एम्बुलेन्स सञ्चालन गरे वापत उठेको रकम

गाउँपालिकाको आन्तरिक राजश्व खातामा जम्मा हुने व्यवस्था मिलाइनेछ ।

(ज) प्रत्येक महिनामा एम्बुलेन्स सेवा पुऱ्याएका सेवाग्राहीहरुको विवरण तथा आय व्ययको विवरण सहितको प्रतिवेदन सम्बन्धित शाखाले गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने ।

(झ) जिल्ला तथा केन्द्रमा पठाउने प्रतिवेदनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

(ञ) गाउँ कार्यपालिकाको कार्यालयले निर्धारण गरे अनुसार सेवा शुल्क वा भाडा लिई सोको विल सेवाग्राहीलाई उपलब्ध गराउने व्यवस्था मिलाउने ।

(ट) गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा दिएका निर्देशनहरुको पालना गर्ने गराउने ।

(ठ) अन्य आवश्यक कार्य सेवा सञ्चालक समितिले प्रचलित कानून बमोजिम गर्न सक्नेछ ।

**७. एम्बुलेन्स सेवा सञ्चालन गर्ने संस्थाको कर्तव्यः** संस्थाको कर्तव्य देहाय बमोजिम हुनेछः

(क) प्रचलित कानूनमा उल्लेख भए बमोजिमको शर्तहरु पालना गरी सेवा सञ्चालक समितिको समन्वयमा एम्बुलेन्स सेवा सञ्चालन गर्नुपर्ने ।

(ख) संस्था र सञ्चालकको नाम, ठेगाना, टेलिफोन नम्बर, सेवा शुल्क सम्बन्धी विवरण सम्बन्धित संस्था तथा एम्बुलेन्समा समेत सबैले देख्ने ठाउँमा लेखी टाँस्नु पर्ने ।

(ग) एम्बुलेन्सले सेवा दिएको स्थान, मिति र समय खुल्ने गरी सवारी लगबुक राख्नुपर्नेछ । लगबुक भर्ने जिम्मेवारी चालकको हुनेछ भने सोको प्रमाणित गर्ने जिम्मेवारी सेवा सञ्चालन गर्ने समितिको सदस्य-सचिवको हुनेछ ।

(घ) एम्बुलेन्स सेवा आकष्मिक सेवा भएकाले त्यसलाई सुचारु बनाई राख्न पहलकदमी गर्ने ।

(ङ) एम्बुलेन्सलाई चौबिसै घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नुपर्ने ।

(च) एम्बुलेन्समा विरामी लिई विदेश जानु पर्ने भएमा कानून बमोजिम स्वीकृति लिनुपर्ने ।

**८. सेवा शुल्क तथा भाडादरः** (१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सेवाग्राहीले तोकिएको सेवा शुल्क तथा भाडादर बुझाउनु पर्नेछ । सेवा शुल्क तथा भाडादर अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ । यो भाडादर अन्य सरकारी तथा गैर सरकारी संस्थाको हकमा पनि लागु हुनेछ । गाउँ कार्यपालिकाको कार्यालयले सेवा शुल्क तथा भाडा दरमा समयानुकुल संसोधन गर्नेछ ।

(२) सेवा शुल्क बापत लिईने रकमको असुलीका लागी सेवा सञ्चालक समितिले आफ्नो नाममा नगदी रसिद छपाई उपलब्ध गराउनेछ र सोको अभिलेख सम्बन्धी सेवा सञ्चालक संस्थाले राख्नेछ ।

(३) सेवा दिएवापत उठेको सेवा शुल्क रकम बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(४) बैंक खातामा जम्मा भएको रकम सामान्यतया चालकको तलब, भत्ता, ईन्धन, एम्बुलेन्स मर्मत सम्भार, सवारी कर, सवारी बिमा नविकरण शुल्क, एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिद र चालकको दुर्घटना बिमा बापतको प्रिमियम रकममा खर्च गरिनेछ ।

**९. चालकको नियुक्ति र सेवा सुविधाः** (१) गाउँपालिकाले सञ्चालन गर्ने एम्बुलेन्समा एम्बुलेन्स सेवा सञ्चालन गर्न एकजना योग्यता पुगेको चालक सेवा करारमा सेवा सञ्चालक समितिको निर्णय बमोजिम गाउँ कार्यपालिकाको कार्यालयले नियुक्ति गर्नेछ ।

अन्य सरकारी तथा गैरसरकारी कार्यालयले सञ्चालन गर्ने एम्बुलेन्स चालक छनौटको हकमा चालक छनौट सम्बन्धी मापदण्ड सेवा सञ्चालन गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) चालकको सेवा सुविधा एम्बुलेन्स सेवा सञ्चालन गर्ने समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) सेवा सञ्चालक समितिले करार सेवामा चालक नियुक्ति नगरेसम्मका लागि गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत चालकले गाउँ कार्यपालिकाको कार्यालयको स्वीकृतिमा आफ्नो समय व्यवस्थापन गरी एम्बुलेन्स सेवा दिनसक्नेछ । सेवा दिए वापत चालकले सेवाग्राहीबाट उठेको रकमको २०% (बिस प्रतिशत) रकम भत्ता वापत पाउनेछ । यो कुरा अन्य सरकारी तथा गैर सरकारी संस्थाले सञ्चालन गर्ने एम्बुलेन्स सेवामा लागु हुने छैन ।

(४) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-२ मा उल्लेख भए अनुसार हुनेछ । यो आचारसंहिता गाउँपालिकाले अनुमति प्रदान गरी एम्बुलेन्स सेवा सञ्चालन गर्ने सबै संस्थाका एम्बुलेन्स चालकमा लागु हुनेछ ।

(५) चालकको दुर्घटना बिमा सेवा सञ्चालन गर्ने समितिले निर्धारण गर्नेछ र सोको प्रिमियम वापतको रकम दफा ८ (४) बमोजिम हुनेछ ।

**१०. एम्बुलेन्स रहने स्थान र सोको रेखदेख तथा मर्मत सम्भारः** (१) बिरामीको चापलाई मध्यनजर गरी एम्बुलेन्स रहने स्थान गाउँ कार्यपालिकाको कार्यालयले तोक्नेछ ।

(२) प्रचलित कानूनी प्रक्रिया पुरा गरी एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी सेवा सञ्चालन गर्ने समितिको सिफारिसमा चालकले गर्नेछ ।

(३) अन्य सरकारी तथा गैर सरकारी संस्थाले सञ्चालन गरेको एम्बुलेन्सको हकमा एम्बुलेन्स रहने स्थान, रेखदेख र मर्मत सम्भारको कार्य सेवा सञ्चालन गर्ने समितिले निर्धारण गर्नेछ ।

**११. विविधः** (१) 'ग' वर्गको एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधिको विवरण अनुसूची-३ बमोजिम हुनेछ।

(२) एम्बुलेन्स सेवा सञ्चालन निर्देशिकामा संसोधन गर्नुपर्ने भए सेवा सञ्चालन गर्ने समितिको सिफारिसको आधारमा कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

<u>अनुसूची-१</u>

दफा (८) को उपदफा (१) सँग सम्बन्धित

| क.सं. | स्थान | | भाडादर |
|---|---|---|---|
| | देखि | सम्म | |
| १. | **रामपुर देखि सल्यान खलंगा श्रीनगर तुलसीपुर सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| १.१ | ढोरेनी | कालिमाटी रामपुर | ५००। |
| १.२ | बल्ले | कालिमाटी रामपुर | ८००। |
| १.३ | चौडी | कालिमाटी रामपुर | १०००। |
| १.४ | तुसारे | कालिमाटी रामपुर | ११००। |
| १.५ | रामपुर | कालिमाटी रामपुर | १२००। |
| १.६ | रोक्चा | कालिमाटी रामपुर | १४००। |
| १.७ | सुकीदह | कालिमाटी रामपुर | १५००। |
| १.८ | जुगेना | कालिमाटी रामपुर | २०००। |
| १.९ | जुगेना फारुला | कालिमाटी रामपुर | ३०००। |
| १.१० | जुगेना टोटाबाज | कालिमाटी रामपुर | ३०००। |
| १.११ | खलंगा | कालिमाटी रामपुर | ५०००। |

| | | | |
|---|---|---|---|
| १.१२ | श्रीनगर | कालिमाटी रामपुर | ६००० । |
| १.१३ | तुलसीपुर | कालिमाटी रामपुर | १०००० । |
| **२.** | **कालिमाटी रामपुर हुँदै तुलसीपुर घोराही सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| २.१ | टाट्के | कालिमाटी रामपुर | ५०० । |
| २.२ | मर्चेबारी | कालिमाटी रामपुर | १००० । |
| २.३ | तुलसीपुर | कालिमाटी रामपुर | ३००० । |
| २.४ | घोराही | कालिमाटी रामपुर | ४००० । |
| **३.** | **कालिमाटी रामपुर देखी बालुवा दमदुवाली सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| ३.१ | सेतिखोला | कालिमाटी रामपुर | ५०० । |
| ३.२ | झिगाने | कालिमाटी रामपुर | ८०० । |
| ३.३ | डिमुरे | कालिमाटी रामपुर | १००० । |
| ३.४ | खैरेनी | कालिमाटी रामपुर | १२०० । |
| ३.५ | पिप्ले | कालिमाटी रामपुर | १५०० । |
| ३.६ | पुरुवाखेत | कालिमाटी रामपुर | १७०० । |
| ३.७ | जम्मुतरा | कालिमाटी रामपुर | १९०० । |
| ३.८ | कौछेनी | कालिमाटी रामपुर | २००० । |
| ३.९ | बेलघाट | कालिमाटी रामपुर | २५०० । |
| ३.१० | बालुवा | कालिमाटी रामपुर | ३००० । |
| ३.११ | दमदुवाली | कालिमाटी रामपुर | ५००० । |
| ३.१२ | हात्तिदमार | कालिमाटी रामपुर | ५५०० । |
| **४.** | **रामपुर देखि** | **कालिमाटी रामपुर** | |

| | | | |
|---|---|---|---|
| | **बालुवा हुदै जुमखोला छरछरे सडक खण्ड** | | |
| ४.१ | बेलतरी | कालिमाटी रामपुर | ३५००। |
| ४.२ | जुमखोला लरेनी हिले | कालिमाटी रामपुर | ४०००। |
| ४.३ | खैराला जोगिलोसे | कालिमाटी रामपुर | ४५००। |
| ४.४ | सालघारी | कालिमाटी रामपुर | ६०००। |
| ४.५ | भैसीदमार | कालिमाटी रामपुर | ६५००। |
| ४.६ | छरछरे | कालिमाटी रामपुर | ७०००। |
| **५.** | **रामपुर देखि काल्चे सुर्खेत सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| ५.१ | गैरीगाउँ डिमुरे खोला | कालिमाटी रामपुर | १०००। |
| ५.२ | सुकेताल | कालिमाटी रामपुर | १२००। |
| ५.३ | घुरचौर | कालिमाटी रामपुर | १६००। |
| ५.४ | टटली | कालिमाटी रामपुर | १८००। |
| ५.५ | असुरेनी | कालिमाटी रामपुर | २०००। |
| ५.६ | खोल्टेपानी | कालिमाटी रामपुर | २२००। |
| ५.७ | काल्चे | कालिमाटी रामपुर | ३०००। |
| ५.८ | मेहलकुना | कालिमाटी रामपुर | ४५००। |
| ५.९ | छिन्चु | कालिमाटी रामपुर | ५५००। |
| ५.१० | बीरेन्द्रनगर सुर्खेत | कालिमाटी रामपुर | ७०००। |
| **६.** | **रामपुर देखि छिन्चु हँदै नेपालगञ्ज सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| ६.१ | कोहलपुर | कालिमाटी रामपुर | ८०००। |

| | | | |
|---|---|---|---|
| ६.२ | नेपालगञ्ज | कालिमाटी रामपुर | ९०००। |
| **७.** | **रामपुर तुलसीपुर हुँदै नेपालगञ्ज सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| ७.१ | अमिलिया | कालिमाटी रामपुर | ५०००। |
| ७.२ | कोहलपुर | कालिमाटी रामपुर | ८०००। |
| ७.३ | नेपालगञ्ज | कालिमाटी रामपुर | ९०००। |
| **८.** | **रामपुर हुँदै लक्ष्मीपुर सडक खण्ड** | **कालिमाटी गाउँ कार्यपालिकाको कार्यालय** | |
| ८.१ | माघे मसखोला | कालिमाटी रामपुर | ७००। |
| ८.२ | चउर | कालिमाटी रामपुर | ९००। |
| ८.३ | निमारे | कालिमाटी रामपुर | १४००। |
| ८.४ | धुम्का | कालिमाटी रामपुर | १६००। |
| ८.५ | बाँसखोला | कालिमाटी रामपुर | १७००। |
| ८.६ | डाङडुङे | कालिमाटी रामपुर | २०००। |
| ८.७ | लक्ष्मीपुर पोखरा | कालिमाटी रामपुर | ३०००। |
| ८.८ | ढुंगेकटेरी | कालिमाटी रामपुर | ३५००। |
| **९.** | **रामपुर टाट्के हुदै दलपुरे टोट्के सडक खण्ड** | **कालिमाटी रामपुर** | |
| ९.१ | दलपुरे | कालिमाटी रामपुर | ७००। |
| ९.२ | टोट्के | कालिमाटी रामपुर | १५००। |
| १०. | बुटवल | कालिमाटी रामपुर | ११०००। |
| ११. | भैरहवा | कालिमाटी रामपुर | १२०००। |
| १२. | भरतपुर, चितवन | कालिमाटी रामपुर | १६०००। |
| १३. | काठमाडौं | कालिमाटी रामपुर | २२०००। |

स्थानीय सडकमा पर्ने स्थानहरु

| क्र.सं. | स्थान | | भाडादर |
|---|---|---|---|
| | देखि | सम्म | |
| १. | कालिमाटी रामपुर | कट्बीर | १०००। |
| २. | कालिमाटी रामपुर | तारिके | ११००। |
| ३. | कालिमाटी रामपुर | निगाले | १२००। |
| ४. | कालिमाटी रामपुर | किचेनखोला | ५००। |
| ५. | कालिमाटी रामपुर | हल्दे | ७००। |
| ६. | कालिमाटी रामपुर | कालाखोला | १०००। |
| ७. | कालिमाटी रामपुर | पाखापानी | १२००। |
| ८. | कालिमाटी रामपुर | किमिरे | १५००। |
| ९. | कालिमाटी रामपुर | छापडाँडा | १६००। |
| १०. | कालिमाटी रामपुर | लटेखोरीया | २०००। |
| ११. | कालिमाटी रामपुर | लेकगाउँ | २५००। |
| १२. | कालिमाटी रामपुर | धाम | २५००। |

## अनुसूची-२

दफा (९) को उपदफा (४) सँग सम्बन्धित

१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७३ तथा कालिमाटी गाउँपालिकाले बनाएको एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९ पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने ।

३) मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने ।

४) बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको आफन्त सँग सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्नेछ ।

५) आफुले लिएको निर्णयहरुमा आफू व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्नेछ ।

६) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्नेछ ।

७) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने ।

८) बिरामीलाई बिच बाटोमा छाड्न नहुने ।

९) आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्नेछ तथा बिरामीहरुबाट पाएको जानकारी कुनै तेश्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिन सक्ने ।

१०) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुऱ्याउनु पर्ने ।

११) आफुले उचित देखेको, बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी सेवा सञ्चालन गर्ने संस्थालाई जानकारी गराउने ।

१२) सेवा सञ्चालन गर्ने संस्थाले बनाएका अन्य नियम, मापदण्ड र निर्देशनहरुको पालना गर्ने ।

१३) प्रचलित कानूनको पालना गर्ने ।

म .....................नाम.......................ठेगाना.................. ना.प्र.नं.................जिल्ला, ड्राईभिङ्ग लाइसेन्स नं.......................ले माथि उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । ...................जिल्ला ............. संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहिछाप गरेको छु ।

चालकको दस्तखतः

प्रमाणित गर्ने व्यक्तिको दस्तखतः

चालकको नामः

प्रमाणित गर्नेको नामः

मितिः मितिः

## अनुसूची-३

### दफा (११) को उपदफा (१) सँग सम्बन्धित

'ग' वर्गको **(Common Life Support (CLS))** एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरणः

- First Aid का सामानहरु
- Oxygen Cylinder, Flow Meter/Mask जडित सामाग्रीहरु
- IV injection दिन सक्ने व्यवस्था
- Stretcher Cum Bed
- Stethoscope, B. P. Apparatus, Torchlight
- Driver with Basic Training in First Aid and Emergent Medicine

आज्ञाले,

खिम बहादुर खड्का

प्रमुख प्रशासकीय अधिकृत